# नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०८२

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरूको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल पशु चिकित्सा परिषदले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई सम्झनु पर्छ।

(ख) "आधारभूत कोर्ष" भन्नाले आई. एस्सी. वा सो सरह उत्तीर्ण गरी पशु चिकित्सा शास्त्रमा वि. भी. एस्सी. वा वि. भी. एस्सी. एण्ड ए. एच. वा डि. भी. एम. वा सो सरहको अध्ययन गरी प्राप्त गरेको उपाधिलाई सम्झनु पर्छ।

(ग) "उच्च शिक्षा" (पोष्ट ग्राजुएट)" भन्नाले आधारभूत कोर्ष पुरा गरी एम. एस्सी. वा पी. एच. डी. वा सो सरहको अध्ययन गरी प्राप्त उपाधिलाई सम्झनु पर्छ।

(घ) "पशु चिकित्सा पाठ्यक्रम" भन्नाले खण्ड (ख) र खण्ड (ग) बमोजिमको अध्ययन अध्यापन गर्ने गराउने पाठ्यक्रम सम्झनु पर्छ।

(ङ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई परिषदबाट मान्यता प्राप्त विश्व विद्यालयबाट स्वीकृत पशु चिकित्सा पाठ्यक्रम पठन पाठन गराउने शिक्षण संस्था सम्झनु पर्छ।

DRAFT

(च) “विद्यार्थी” भन्नाले पशु चिकित्सा पाठ्यक्रम अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ।

(छ) “सेमेष्टर” भन्नाले परीक्षा सञ्चालन हुने दिन र बिदाको दिन बाहेक कम्तीमा ९० दिनको पठन पाठन भएको शैक्षिक अवधि सम्झनु पर्छ।

(ज) “पशु चिकित्सा शिक्षण अस्पताल” भन्नाले परिषदबाट मान्यता प्राप्त पशु स्वास्थ्य, पशु उत्पादन वा प्रविधि सँग सम्बन्धित पशु चिकित्सा शिक्षण अस्पताल सम्झनु पर्छ र सो शब्दले कुनै शिक्षण संस्थाले लिखित सम्झौता गरी सम्बन्ध स्थापना गरेको कुनै सरकारी, अर्ध सरकारी, गैर सरकारी वा निजी पशु अस्पताल समेतलाई जनाउँछ।

(झ) “प्रति हप्ता पाठघण्टा” भन्नाले सम्बन्धित विश्व विद्यालयबाट स्वीकृत तथा परिषदबाट मान्यता प्राप्त पशु चिकित्सा पाठ्यक्रम अनुरूप कुनै खास विषयको वार्षिक पाठको आधारमा एक हप्ताको लागि निर्धारित पठन पाठन एकाइ सम्झनु पर्छ।

(ञ) “कसूर” भन्नाले ऐनको दफा २७ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ट) “अनुसन्धान तहकिकात अधिकारी” भन्नाले नियम ३९ बमोजिम पशु चिकित्सा व्यवसाय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ठ) “मुद्दा चलाउने अधिकारी” भन्नाले नियम ४६ बमोजिमको मुद्दा चलाउने अधिकारी सम्झनु पर्छ ।

(ड) "पशु चिकित्सा व्यवसाय" भन्नाले पशु स्वास्थ्य तथा पशु रोगको पहिचान, निदान, प्रेस्क्रिप्सन एण्ड डिस्पेन्सिङ्ग, शल्य क्रिया, निरोधात्मक, प्रवर्द्धनात्मक र पूनर्स्थापनात्मक कार्यहरु, पशु उत्पादन, पशुजन्य खाद्य पदार्थ, जैविक पदार्थ, पशु प्रजनन्, पशु पोषण, फुड सेफ्टी तथा भेटेरिनरी जनस्वास्थ्य र पशु कल्याणको क्षेत्रमा गरिने अध्ययन, अध्यापन, अनुसन्धान, तालिम, गुणस्तर नियमन, फरेन्सिक जाँच, प्रमाणीकरण सम्बन्धी कार्यहरु सम्झनु पर्छ।

DRAFT

## परिच्छेद-२

## नाम दर्ता सम्बन्धी व्यवस्था

३. **शैक्षिक उपाधिलाई मान्यता दिनेः** (१) ऐनको दफा १७ को उपदफा (१) को प्रयोजनको लागि पशु चिकित्सा सम्बन्धी शैक्षिक उपाधि प्राप्त गरेको व्यक्तिले सोको मान्यताको लागि परिषद् समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त सहित पेस भएका कागजातहरू रजिष्ट्रारले सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस भएका दरखास्त उपर समितिले आवश्यक जाँचबुझ गरी राय सुझाव सहित परिषद् समक्ष आवश्यक निर्णयार्थ पेस गर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएका शैक्षिक उपाधिलाई परिषदले मान्यता दिने नदिने निर्णय गरी सम्बन्धित दरखास्तवालालाई सो को जानकारी दिनेछ।

(५) परिषदबाट मान्यता प्राप्त शैक्षिक उपाधि भएको पशु चिकित्सकले मात्र परिषदले सञ्चालन गर्ने नाम दर्ता परीक्षामा सहभागी हुन पाउनेछ।

४. **नाम दर्ता परीक्षाको लागि दरखास्त दिनेः** (१) नाम दर्ता परीक्षामा सहभागी हुन योग्यता पुगेका व्यक्तिले परिषदले निर्धारण गरेको अवधिभित्र देहायका कागजात तथा विवरणहरू संलग्न राखी नाम दर्ता परीक्षा सञ्चालन विनियमावली बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछः-

(क) पशु चिकित्सकको रूपमा परिषदमा दर्ता हुनको लागि चाहिने शैक्षिक योग्यता वा उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(ख) शैक्षिक उपाधिलाई परिषदबाट मान्यता प्राप्त भएको प्रमाणित हुने कागजात,

(ग) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र वा राहदानीको प्रतिलिपि,

(घ) विदेशी नागरिक भएमा पशु चिकित्सकको रूपमा नेपालमा काम गर्नको लागि प्रचलित कानुन बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा पशु चिकित्सकको रूपमा परिषदमा नाम दर्ता गराउन आवश्यक न्यूनतम योग्यता पूरा

DRAFT

भएको, शैक्षिक उपाधिले मान्यता प्राप्त गरेको र रीत पूर्वक दरखास्त पेस भएको अवस्थामा त्यस्तो दरखास्त स्वीकृत गरी दरखास्तवालालाई नाम दर्ता परीक्षाको प्रवेशपत्र दिनु पर्नेछ।

तर दरखास्त जाँचबुझ गर्दा थप कागजात आवश्यक पर्ने देखिएमा रजिष्ट्रारले दरखास्तवालासँग त्यस्तो थप कागजात पेस गर्न लगाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै दरखास्त स्विकृत गर्न द्विविधा उत्पन्न भएमा रजिष्ट्रारले त्यस्तो दरखास्त र संलग्न कागजातहरू आवश्यक निर्णयार्थ परिषद् समक्ष पेस गर्नेछ।

५. **<u>नाम दर्ता परीक्षा सञ्चालनः</u>** (१) परिषदले पशु चिकित्सकहरूको नाम दर्ताको लागि वर्षको कम्तीमा एक पटक लिखित परीक्षा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पशु चिकित्सक दर्ता परीक्षाको समय तालिका, परीक्षा शुल्क, पाठ्यक्रम, प्रश्नपत्र, उत्तीर्णाङ्क, प्रमाणपत्र तथा परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था नाम दर्ता परीक्षा सञ्चालन विनियमावली बमोजिम हुनेछ।

६. **<u>नाम दर्ता गर्न दरखास्त दिनेः</u>** (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम परिषदमा नाम दर्ता गराउन चाहने व्यक्तिले परिषद् समक्ष देहाय बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

| | |
|---|---|
| (क) स्थायी दर्ताको दरखास्त | अनुसूची २, |
| (ख) आवधिक दर्ताको दरखास्त | अनुसूची ३, |
| (ग) विशेषज्ञ दर्ताको दरखास्त | अनुसूची ४ । |

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा नियम ५१ बमोजिमको दर्ता शुल्क सहित देहायका प्रमाणपत्रहरू संलग्न राखी पेस गर्नु पर्नेछ।

(क) एस. एल. सी. वा सो सरहको प्रमाणपत्र,

(ख) आई. एस्सी. वा दश जोड दुई वा सो सरह मान्यता प्राप्त कर्षहरूमा भौतिक विज्ञान, रसायन विज्ञान र जीव विज्ञान मुख्य विषय लिई उत्तीर्ण भएको प्रमाणपत्र,

(ग) आधारभूत कोर्ष उत्तीर्ण गरेको प्रमाणपत्र,

(घ) परिषदले सञ्चालन गरेको नाम दर्ता परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ङ) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र वा राहदानी,



DRAFT

(च) वैदेशिक उपाधिको हकमा शैक्षिक उपाधि हासिल गरेको शिक्षण संस्थाले सम्बन्धित देशको पशु चिकित्सा परिषदको स्वीकृती प्राप्त गरेको प्रमाण

(छ) ऐनको दफा १६ बमोजिम श्रेणी खुलाउन आवश्यक पर्ने अन्य कागजातहरू।

(३) उपनियम (२) बमोजिम परिषदमा नाम दर्ताको लागि पेस गरिने सम्पूर्ण प्रमाणपत्रहरूको प्रतिलिपि परिषदका सदस्य वा परिषदमा स्थायी दर्तावाल पशु चिकित्सकद्वारा प्रमाणित गरिएको हुनु पर्नेछ ।

७. **<u>नाम दर्ताको निर्णयः</u>** (१) नियम ६ बमोजिम परिषदमा नाम दर्ताको लागि पेस भएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा मनासिब देखेमा परिषदको दर्ता किताबमा निजको नाम दर्ता गर्नेछ।

(२) विदेशी नागरिकको नाम दर्ता गर्दा निजलाई नेपालमा काम गर्न प्रचलित कानुन बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको अधीनमा रही आवधिक रूपमा दर्ता गर्नु पर्नेछ।

तर यस्तो दर्ता एक पटकमा छ महिनाभन्दा बढी अवधिको लागि हुने छैन ।

८. **<u>स्थायी दर्ताः</u>** (१) नेपाल राज्य भित्र स्थायी रूपले पशु चिकित्सा सम्बन्धी व्यवसाय गर्ने पशु चिकित्सक परिषदमा स्थायी दर्ता भएको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थायी दर्ता हुनको लागी परिषदले सञ्चालन गरेको नाम दर्ता परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएपनि नाम दर्ता परीक्षा सञ्चालन हुनु पूर्व स्थायी दर्ता भएका पशु चिकित्सकहरूको हकमा यो नियम लागू हुने छैन ।

९. **<u>आवधिक दर्ताः</u>** (१) कुनै गैर नेपाली पशु चिकित्सकले निश्चित अवधिको लागि नेपाल राज्य भित्र पशु चिकित्सालय, शिक्षण संस्था वा अन्य संघ संस्थामा पशु चिकित्सकको रूपमा काम गर्नको लागि परिषदमा आवधिक दर्ता भएको हुनु पर्नेछ

(२) उपनियम (१) बमोजिम आवधिक दर्ता हुन चाहने पशु चिकित्सकले दरखास्तसाथ आफ्नो वा अन्य कुनै देशको पशु चिकित्सा परिषद् वा सो सरहको अन्य आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, असल आचरणको प्रमाणपत्र, आफ्नो राहदानी र भिसाको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ।

तर भारतीय पशु चिकित्सकको हकमा भारतीय नागरिक भएको आधिकारिक परिचयपत्र संलग्न भएमा भिसाको प्रतिलिपि आवश्यक पर्नेछैन ।

(३) दरखास्तसाथ नेपालमा काम गर्न प्रस्ताव गर्ने संस्थाले दिएको कार्य सम्पादनको सर्त, व्यक्तिगत विवरण र प्रचलित कानुन बमोजिम नेपालमा काम गर्न प्रदान गरिएको स्वीकृतिपत्र संलग्न गर्नु पर्नेछ ।

(४) तोकिएको समयावधि अगावै आवधिक दर्तावाल पशु चिकित्सकले नेपालमा काम छाडेमा वा छुटाएमा यस्तो आवधिक दर्ता स्वतः खारेज भएको मानिनेछ ।

(५) परिषदमा आवधिक दर्ता गराई कुनै संस्थामा काम गरेको पशु चिकित्सकले समयावधि अगावै संस्था छोडी हिँडेमा वा कामबाट हटाएमा संस्थाले सोको जानकारी तुरुन्त परिषदलाई दिनु पर्नेछ ।

(६) आवधिक दर्ताको अवधि, काम र काम गर्ने संस्था परिषदले जारी गरेको प्रमाणपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(७) आवधिक दर्ताको लागि परिषदले तोके बमोजिमको परीक्षा लीन सक्नेछ।

१०. **<u>विशेषज्ञ दर्ताः</u>** (१) स्थायी दर्ता भएका पशु चिकित्सकले परिषदले तोकेको मापदण्ड पुरा गरी विशेषज्ञ दर्ता गराउन सक्नेछ।

(२) विशेषज्ञ दर्ताको लागि परिषदले तोके बमोजिमको परीक्षा लीन सक्नेछ।

(३) विशेषज्ञ दर्ता सम्बन्धी अन्य मापदण्ड परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>दर्ता किताब राख्नु पर्नेः</u>** (१) ऐनको दफा १२ बमोजिम पशु चिकित्सकको नाम दर्ता गर्ने प्रयोजनको लागि रजिष्ट्रारले अनुसूची-५ बमोजिमको ढाँचामा दर्ता किताब राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा दर्ताको किसिमको आधारमा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

१२. **<u>दर्ता प्रमाणपत्रः</u>** (१) ऐनको दफा १३ को उपदफा (४) को प्रयोजनको लागि प्रदान गरिने प्रमाणपत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | स्थायी दर्ताको प्रमाणपत्र | अनुसूची-६ |
| (ख) | आवधिक दर्ताको प्रमाणपत्र | अनुसूची-७ |
| (ग) | विशेषज्ञ दर्ताको प्रमाणपत्र | अनुसूची-८ |

DRAFT

DRAFT

## परिच्छेद-३

## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्वन्धी व्यवस्था

१३. **अध्यक्षको पद, जिम्मेवारी र सेवा सुविधाः** (१) अध्यक्षको पद परिषदको विशिष्ट श्रेणीका अधिकृत सरह हुनेछ।

(२) नेपाल पशु चिकित्सा परिषद् ऐन तथा यस नियमावलीको अधीनमा रही अध्यक्षको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) परिषदको बैठकमा छलफल गरिने विषयहरूको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषदद्वारा सञ्चालित योजना, कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र तत् सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषदको निर्णय कार्यान्वयन गराउन रजिष्ट्रारलाई निर्देशन दिने,

(घ) रजिष्ट्रारको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(ङ) परिषदका रजिष्ट्रार र पदाधिकारीहरूको आन्तरिक भ्रमण आदेश स्वीकृत गर्ने, तर अन्तर्राष्ट्रिय भ्रमण स्वीकृत गर्ने अधिकार परिषदमा निहित हुनेछ

(च) ऐनको दफा १९ बमोजिम रजिष्ट्रारको नियुक्ति हुन नसकेको अवस्थामा परिषदको दैनिक कार्य सञ्चालनका लागि परिषदका पदाधिकारी मध्येबाट रजिष्ट्रारको जिम्मेवारी तोक्ने,

तर त्यसो हुन नसकेमा “क” श्रेणीको दर्तावाल पशु चिकित्सकहरू मध्येबाट रजिष्ट्रारको जिम्मेवारी तोकिनेछ,

(छ) पशु चिकित्सा व्यवसाय सुचारु र व्यवस्थित गर्न आवश्यक निर्देशन दिने।

(३) अध्यक्षको सुविधा र अन्य सहुलियत परिषदले तोके बमोजिम हुनेछ ।

१४. **रजिष्ट्रारको योग्यता र पदः** (१) नेपाल सरकारले ऐनको दफा १९ को उपदफा (१) बमोजिम रजिष्ट्रारको नियुक्ति गर्दा परिषदको “क” श्रेणीको दर्तावाल पशु चिकित्सकहरू मध्येबाट गर्नेछ ।

(२) रजिष्ट्रारको पद परिषदको प्रथम श्रेणीका अधिकृत सरहको हुनेछ ।

१५. **<u>रजिष्ट्रारको पारिश्रमिक र सेवाको शर्तः</u>** (१) रजिष्ट्रारको पारिश्रमिक परिषदको प्रथम श्रेणीका अधिकृत सरह हुनेछ ।

(२) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

१६. **<u>बैठक भत्ता र अन्य सुविधाः</u>** (१) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले परिषदको बैठकमा भाग लिँदा प्रत्येक बैठकको लागि परिषदले तोके बमोजिमको बैठक भत्ता दिइनेछ ।

(२) ऐन बमोजिम परिषदले गठन गर्ने अन्य समितिको बैठकमा भाग लिँदा प्रत्येक बैठकको लागि संयोजक, सदस्य तथा रजिष्ट्रारलाई उपदफा (१) बमोजिमको भत्ता दिइनेछ ।

(३) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले पाउने अन्य सुविधा परिषदले तोके बमोजिम हुनेछ

## परिच्छेद-४

## <u>आचार संहिता कार्यान्वयन सम्बन्धी व्यवस्था</u>

१७. **<u>उजुरी गर्न सक्नेः</u>** (१) ऐनको दफा ९ को खण्ड (ञ) र दफा १५ को प्रयोजनको लागि कुनै दर्तावाल पशु चिकित्सकले आचार संहिता उल्लङ्घन गरेको वा गल्तीले निजको नाम परिषदमा दर्ता हुन पुगेको भन्ने सम्बन्धमा सरोकारवालाले परिषद् समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उजुरी पेस भएमा वा परिषदलाई त्यस्तो कुराको जानकारी, सुझाव वा सिकायत प्राप्त भएमा परिषदले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

१८. **<u>जाँचबुझ समिति गठनः</u>** (१) नियम १७ बमोजिम परिषदलाई उजुरी, सुझाव, सिकायत वा जानकारी प्राप्त हुन आएमा परिषदले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेस गर्न परिषदको एक सदस्यको संयोजकत्वमा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझ समितिमा परिषदले दर्तावाल पशु चिकित्सक मध्ये कम्तीमा दश वर्षको अनुभव प्राप्त पशु चिकित्सकलाई सदस्य तोक्नेछ।

१९. **<u>बयान गराउने वा सबुत प्रमाण पेश गर्न लगाउनेः</u>** नियम १७ बमोजिमको आरोपित पशु चिकित्सकलाई जाँचबुझ समितिले बयान लीन र निज उपर लागेको आरोपको विरुद्ध सबुद प्रमाणहरू पेस गर्न लगाउन सक्नेछ ।

२०. **सफाई पेस गर्ने मौका दिनु पर्नेः** (१) आचार संहिता उल्लङ्घन गरेको आरोप लागेको वा गल्तीले परिषदमा नाम दर्ता हुन पुगेको पशु चिकित्सक उपर छानबिनको क्रममा गठित जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारबाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाइ पेस गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सफाइ पेस गर्ने मौका दिँदा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ, सो समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सफाइ पेस गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्याद भित्रै आफ्नो सफाइ पेस गर्नु पर्नेछ ।

२१. **निलम्बन गर्न सक्नेः** (१) दर्तावाल पशु चिकित्सकले पालन गर्नु पर्ने आचार संहिता उल्लङ्घन गरेको आरोप लागेको वा धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको आरोप लागेको व्यक्तिलाई परिषदले जाँचबुझ प्रारम्भ भएको मितिदेखि पशु चिकित्सा व्यवसाय गर्नबाट निलम्बन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै पशु चिकित्सकलाई निलम्बन गर्दा सामान्यतया दुई महिनाभन्दा बढी अवधिको लागि निलम्बन गरिने छैन । सो अवधि भित्रै पशु चिकित्सक उपर लगाइएको आरोपको सम्बन्धमा कारबाही किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधि भित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषदले बढीमा एक महिनासम्म निलम्बनको अवधि बढाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरेकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाएकोमा सो कुराको जानकारी सम्बन्धित पशु चिकित्सक र निज कुनै संस्थामा कार्यरत भए त्यस्तो संस्थालाई समेत दिनु पर्नेछ । त्यसरी कुनै पशु चिकित्सकलाई निलम्बनमा राखे जानकारी प्राप्त भएपछि सम्बन्धित संस्थाले पनि सम्बन्धित पशु चिकित्सकलाई सो संस्थाको पेशागत सेवाबाट निलम्बन गर्नु पर्नेछ ।

२२. **कारबाही गर्न सक्नेः** (१) आचार संहिता उल्लङ्घन गरेको आरोप लागेको वा गल्तीले परिषदमा नाम दर्ता हुन पुगेको पशु चिकित्सक उपर छानबिनको लागि गठित समितिले जाँचबुझ प्रारम्भ



DRAFT

भएको मितिले बढीमा ३ महिना भित्र आफ्नो राय सुझाव सहितको प्रतिवेदन परिषद् समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा निलम्बित पशु चिकित्सकलाई सचेत गराउने वा जरिबाना गर्ने वा दर्ता किताबबाट नाम हटाउने वा निलम्बन फुकुवा गर्ने भन्ने विषय किटान गरिएको हुनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझावका आधारमा परिषदको दुई तिहाइ बहुमतले आरोपित पशु चिकित्सक उपर आवश्यक कारबाही गर्ने वा निजलाई सफाइ दिई निलम्बन फुकुवा गर्ने वा दर्ता किताबबाट नाम हटाउने निर्णय गर्नेछ।

(४) ऐनको दफा १४ को उपदफा (२) बमोजिम पुनः नाम दर्ता गर्दा नाम दर्ता परीक्षामा सहभागी नगराई निजको साबिककै दर्ता नम्बर बमोजिम पुनः नाम दर्ता गरिनेछ ।

## परिच्छेद-५
## स्नातक तह सम्बन्धी न्यूनतम शैक्षिक मापदण्ड

२३. **पशु चिकित्सा पाठ्यक्रम विवरणः** (१) नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (च) को प्रयोजनको लागि नेपालमा स्थापना र सञ्चालन हुने पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने शिक्षण संस्थाहरूले पुरा पाँच वर्षको पाठ्यक्रम र इन्टर्नशिपको विस्तृत विवरण सहितको सिलेबस समावेश गरेको हुनु पर्नेछ।

(२) पशु चिकित्सा पाठ्यक्रमको सिलेबस (पाठ्य विवरण) परिषदले तोके बमोजिम हुनेछ।

(३) परिषदले उपनियम (२) बमोजिमको पशु चिकित्सा पाठ्यक्रमको सिलेबस समय समयमा परिमार्जन गरी लागू गर्न सक्नेछ।

२४. **पाठ्यक्रमका विषयहरुः** पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने शिक्षण संस्थाले देहायका विषयमा आधारित पाठ्यक्रम निर्धारण गरेको हुनु पर्नेछ।

(क) भेटेरिनरी एनाटोमी एण्ड हिस्टोलोजी

(ख) भेटेरिनरी फिजिओलोजी

(ग) भेटेरिनरी वायोकेमेष्ट्री

DRAFT

(घ) भेटेरिनरी फर्माकोलोजी एण्ड टक्सिकोलोजी

(ङ) भटेरिनरी पारासाइटोलोजी

(च) भेटेरिनरी माइक्रोवायोलोजी

(छ) भेटेरिनरी प्याथोलोजी

(ज) भेटेरिनरी पब्लिक हेल्थ

(झ) एनिमल न्यूट्रिसन

(ञ) एनिमल ब्रिडिंग एण्ड जेनेटिक्स इन्क्लुडिंग वायोस्टाटिस्टिक्स

(ट) लाइभस्टक प्रोडक्सन एण्ड मेनेजमेन्ट

(ठ) लाइभस्टक प्रोडक्ट्स टेक्नोलोजी

(ड) एनिमल रिप्रोडक्सन, गायनोकोलोजी एण्ड अब्स्टेट्रिक्स

(ढ) भेटेरिनरी सर्जरी एण्ड रेडियोलोजी

(ण) क्लिनिकल भेटेरिनरी मेडिसिन इन्क्लुडिंग इथिक्स एण्ड जुरिसप्रुडेन्स

(त) भेटेरिनरी इपिडिमियोलोजी एण्ड प्रिभेन्टिम मेडिसिन

(थ) भेटेरिनरी एण्ड एनीमल हस्बेन्ड्री एक्स्टेन्सन

२५. **<u>पाठ्यक्रमको संकेतः</u>** सम्बन्धित विश्वविद्यालयले पशु चिकित्सा पाठ्यक्रममा विषय, वर्ष, सेमेष्टर र पाठ्यक्रमको संख्या समेतलाई जनाउने छोटकरी सङ्केत प्रयोग गर्न सक्नेछ।

२६. **<u>प्रति हप्ता पाठघण्टाको विभाजनः</u>** (१) पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने शिक्षण संस्थाले सम्बन्धित विश्वविद्यालयबाट स्वीकृत तथा परिषदबाट मान्यता प्राप्त पाठ्यक्रमलाई परिषदले तोके बमोजिम प्रति हप्ता पाठघण्टामा विभाजन गरी लागू गरेको हुनु पर्नेछ।

(२) परिषदले प्रति हप्ता पाठघण्टा विभाजनलाई समय सापेक्ष परिमार्जन गरी लागू गर्न सक्नेछ।

२७. **<u>पशु चिकित्सा शिक्षण अस्पतालः</u>** (१) पशु चिकित्सा पाठ्यक्रम सञ्चालन गर्ने कुनै पनि शिक्षण संस्था सँग देहायको सुविधा भएको पशु चिकित्सा शिक्षण अस्पताल हुनु पर्नेछ।

(क) कम्तीमा दैनिक औसत पच्चीसवटा बहिरङ्ग बिरामी पशुको उपचार गर्न तथा दश वटासम्म बिरामी पशु भर्ना गरी राख्न सक्ने,



DRAFT

(ख) बिरामी पशु राख्ने ठाउँ, आकस्मिक सेवा, अन्तरङ्ग सेवा, सबै प्रकारको मेडिकल, सर्जिकल र गाइनोकोलोजी सेवा सञ्चालन र तालिम तथा प्रदर्शन गर्न सक्ने,

(ग) कृत्रिम गर्भाधान गर्ने, गर्भ रहे नरहेको हेर्ने, भेरिफिकेशन जाँच गर्ने, प्रोफिल्याक्सिस समेतको आन्तरिक स्वास्थ्य जाँच गर्ने सम्बन्धी छुट्टै सुविधा भएको,

(घ) पशु चिकित्सा शिक्षण अस्पतालमा आउने रोगी पशुपक्षीहरूको रोगको अन्वेषण, पहिचान, उपचार जस्ता विवरण सहितको अद्यावधिक अभिलेख उपलब्ध गराउन सक्ने सुविधा भएको,

(ङ) पशु चिकित्सा शिक्षण अस्पतालमा ल्याइएका बिरामी पशुको धनीलाई बिरामी पशु अस्पतालमा ल्याउन प्रेरित गर्ने किसिमबाट प्रोत्साहित गर्ने कार्यक्रम भएको।

(२) कुनै शिक्षण संस्थाले लिखित सम्झौता गरी आफू नजिकै रहेको अन्य कुनै सरकारी, गैर सरकारी वा निजी पशु अस्पताललाई पशु चिकित्सा शिक्षण अस्पतालको रूपमा सञ्चालन तथा प्रयोग गर्न सक्नेछ।

२८. <u>**इन्टर्नशिप सम्बन्धी व्यवस्था:**</u> (१) पशु चिकित्सा पाठ्यक्रमको आठौं सेमेष्टर सम्मका सम्पूर्ण परीक्षा उत्तीर्ण गरेको र नवौं सेमेष्टरको परीक्षामा सहभागी भएको प्रत्येक विद्यार्थीले देहायका विषय र कार्यमा कम्तीमा छ महिना अवधिको इन्टर्नशिपमा सहभागी हुनु पर्नेछ। त्यस्तो इन्टर्नशिप पशु चिकित्सा शिक्षण अस्पताल वा पशु अस्पतालमा सञ्चालन गरिनेछ।

(क) भेटेरिनरी मेडिसिन, सर्जरी एण्ड रेडियोलोजी, एनिमल रिप्रोडक्सन, गाइनोकोलोजी एण्ड अब्स्टेट्रिक्स, क्लिनिकल इमर्जेन्सीज, इन्डोर वार्ड केयर, हस्पिटल म्यानेजमेन्ट र रोग निदान प्रयोगशाला प्रविधि, रेकर्ड किपिङ्ग आदी विषय समेटिएको कम्तीमा ३ महिनाको क्लिनिकल अभ्यास ।

(ख) फार्म रुटिङ्ग अफ क्याटल एण्ड बफेलो फार्मस, पिगरी एण्ड रेबिटरी, सिप एण्ड गोट फार्मस, इकवाइन एण्ड याक युनिट, लेयर एण्ड ब्रोइलर प्रोडक्सन, ह्याचरी एण्ड चिक मेनेजमेन्ट, कोयल, टर्की, डक युनिटका साथै फिसरी अथवा सम्भव हुन सक्ने अन्य कुनै रिसाईक्लिन युनिट समेत

समेटिएको कम्तीमा एक महिनाको लाईभस्टक एण्ड पोल्ट्री प्रोडक्सन एण्ड मेनेजमेन्ट सम्बन्धी अभ्यास।

(ग) फेमेलियराइजेशन इन बायोलोजिकल प्रोडक्शन युनिट्स, डिजिज कन्ट्रोल क्याम्पेन, डिजिज इन्भेस्टिगेशन एण्ड स्याम्पल कलेक्शन एण्ड डिस्प्याच, भ्याक्सिनेशन, मास टेस्टिङ्ग ईत्यादी, ट्रेनिङ्ग इन मिट प्लाण्ट्स, मिल्क प्लान्ट्स इत्यादी, ट्रेनिङ्ग इन जू वाइल्डलाइफ सेण्टर नेशनल पार्क समेत समेटिएको कम्तीमा एक महिनाको लाइभस्टक टेक्नोलोजी एण्ड सर्भिस सम्बन्धी अभ्यास।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम इन्टर्नशिप सम्बन्धी अभ्यास पुरा गरेपछि उक्त अवधि भर गरेका कार्यहरू र सो सँग सम्बन्धित तथ्याङ्क सहितको अनुसन्धानात्मक कार्यको अन्तिम प्रतिवेदन कम्तीमा एक महिनाभित्र तयारगरी सम्बन्धित शिक्षण संस्थाले गठन गरेको इन्टर्नशिप सल्लाहकार समिति समक्ष प्रस्तुति।

(२) कुनै मनासिब कारण परी इन्टर्नशिपमा सहभागी भएको विद्यार्थी उक्त अवधिमा गैर हाजिर रहेमा वा सो अवधिमा निजबाट सम्पादित कार्य सन्तोष जनक नभएमा सुपरिवेक्षकको सिफारिसमा सम्बन्धित शिक्षण संस्थाबाट गठन गरिएको इन्टर्नशिप सल्लाहकार समितिले त्यस्तो विद्यार्थीको इन्टर्नशिपको अवधिमा बढीमा दुई महिनासम्म थप गर्न सक्नेछ।

तर इन्टर्नशिप अवधिको मध्यावधि मूल्याङ्कनमा सहभागी नभएका र इन्टर्नशिपको कुल अवधिमा पन्ध्र दिनभन्दा बढी अनुपस्थित रहेका विद्यार्थीहरूले पुनः पुरै अवधिको इन्टर्नशिप गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इन्टर्नशिपमा सहभागी हुने विद्यार्थीको कार्यको सम्बन्धित विश्वविद्यालयबाट तोकिएको प्राध्यापक वा पशु चिकित्सकले अनुगमन र सुपरिवेक्षण गर्नेछ।

(४) इन्टर्नशिपमा सहभागी प्रत्येक विद्यार्थीले आफूले गरेको दैनिक कार्यको विवरण तयार गरी सम्बन्धित सुपरिवेक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(५) इन्टर्नशिपको कार्य पुरा भएपछि उपनियम (४) बमोजिम प्रमाणित दैनिक कार्य विवरण र इन्टर्नशिपको अन्तिम प्रतिवेदन समेतको आधारमा सम्बन्धित शिक्षण संस्थाले पशु चिकित्सा कोर्ष सम्पन्न भएको व्यहोरा सम्बन्धित विश्वविद्यालयमा लेखि पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम सम्बन्धित शिक्षण संस्थाबाट लेखि आएपछि सम्बन्धित विश्वविद्यालयले प्रोभिजनल सर्टिफिकेट प्रदान गर्नेछ र सोही आधारमा विश्वविद्यालयले आफ्नो कार्य तालिका अनुसार उपाधि प्रदान गर्नेछ।

(७) उपनियम (६) बमोजिम प्रोभिजनल सर्टिफिकेट प्राप्त गरेको व्यक्तिले परिषद् समक्ष नाम दर्ताको लागि परिषदले तोकेको कागजात सहित निवेदन दिन सक्नेछ र परिषदले आवश्यक प्रक्रिया पुरा गरी नाम दर्ता गर्नेछ।

२९. **<u>भर्नाको लागि योग्यताः</u>** पशु चिकित्सा पाठ्यक्रममा भर्ना हुन चाहने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान र अङ्ग्रेजी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा उच्च माध्यामिक परीक्षामा (बाह्र कक्षा वा सो सरह) न्यूनतम ५० प्रतिशत अङ्क हासिल गरेको,

(ख) शिक्षण संस्थाले विद्यार्थी भर्नाको लागि छनौट गर्न लिइने प्रवेश परीक्षामा न्यूनतम ५० प्रतिशत अङ्क हासिल गरेको।

३०. **<u>विद्यार्थी छनौटः</u>** (१) शिक्षण संस्थाले पशु चिकित्सा पाठ्यक्रममा विद्यार्थी छनौट गर्दा नियम २९ बमोजिम योग्यता पुगेका आवेदकहरू मध्येबाट प्रतियोगितात्मक लिखित परीक्षा लिई उपनियम (२) को आधारमा योग्यता सूची (मेरिट लिस्ट) तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम योग्यता सूची (मेरिट लिस्ट) तयार गर्दा देहायका आधारलाई एक शय अङ्क मानि गर्नु पर्नेछ।

(क) असी अङ्कको मूल्याङ्कन प्रवेश परीक्षामा प्राप्त गर्ने अङ्कबाट,

(ख) दश अङ्कको मूल्याङ्कन प्रवीणता प्रमाणपत्र तह वा उच्च माध्यामिक परीक्षामा (बाह्र कक्षा वा सो सरह) प्राप्त गरेको अङ्कबाट र

(ग) दश अङ्कको मूल्याङ्कन प्रवेशिका परीक्षा (SLC) मा प्राप्त गरेको अङ्कबाट।

(३) एउटै विश्वविद्यालय र सो अन्तर्गतका शिक्षण संस्थामा उपनियम (१) बमोजिमको प्रवेश परीक्षा एकै पटक सञ्चालन गर्न सकिनेछ।

DRAFT

(४) प्रत्येक शिक्षण संस्थाले नेपाल सरकारबाट आरक्षित वर्ग, लिङ्ग र क्षेत्रको लागि प्रवेश परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा छुट्टाछुट्टै योग्यता सूची (मेरिट लिस्ट) बनाई प्रत्येक आरक्षित समूहबाट विद्यार्थी भर्ना गर्नु पर्नेछ।

(५) नेपालमा पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने सबै विश्वविद्यालय र शिक्षण संस्थाको लागि विद्यार्थी छनौट गर्न एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्न सकिनेछ।

(६) परिषदले पशु चिकित्सा कोर्ष अध्यापन गराउने विश्वविद्यालय वा शैक्षिक संस्थाले सञ्चालन गर्ने परीक्षाहरूको अनुगमन र नियमन गर्नेछ।

३१. **शैक्षिक वर्षको अवधि र मूल्याङ्कनः** (१) एक शैक्षिक वर्षमा परीक्षाको लागि लाग्ने समय बाहेक कम्तीमा एक सय असि दिन (दुई सेमेष्टर) अवधिको पठन पाठन भएको हुनु पर्नेछ।

(२) एउटा सेमेष्टरको मूल्याङ्कन सो सेमेष्टर समाप्त भएको बढीमा एकशय दिन भित्रमा गरी सक्नु पर्नेछ।

३२. **परिक्षाको मूल्याङ्कनः** (१) शिक्षण संस्थाले पशु चिकित्सा पाठ्यक्रमको सैद्धान्तिक तथा व्यवहारिक पक्षको मूल्याङ्कनको लागि छुट्टाछुट्टै परीक्षा सञ्चालन गर्नु पर्नेछ। त्यस्तो परीक्षामा उत्तीर्ण हुनको लागि परीक्षार्थीले न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक परीक्षा चालू सेमेष्टरको पाठ्यक्रमको ५० प्रतिशत पठन पाठन पुरा भएपछि र अन्तिम परीक्षा सेमेष्टरको सम्पूर्ण पठन पाठन पुरा भएपछि सञ्चालन गर्नु पर्नेछ।

(३) सेमेष्टरको अन्तिम परीक्षामा सहभागी हुन प्रत्येक परीक्षार्थीले सैद्धान्तिक तथा व्यवहारिक दुवै कक्षामा कम्तीमा ७५ प्रतिशत उपस्थिति पुरा गरेको हुनु पर्नेछ।

(४) विद्यार्थीको मूल्याङ्कन गर्दा प्रत्येक विषयको कुल पूर्णाङ्कबाट सैद्धान्तिक पक्षका लागि छुट्टाइएको अङ्कको २० प्रतिशत अङ्क आन्तरिक मूल्याङ्कनबाट र बाँकी ८० प्रतिशत अङ्क तथा व्यवहारिक पक्षका लागि छुट्टाइएको अङ्कको मूल्याङ्कन सम्बन्धित विश्वविद्यालयबाट सञ्चालन हुने परीक्षाबाट गरिनेछ। यसरी लिइएको दुवै परीक्षाको अङ्क लब्धाङ्क पत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

३३. **<u>प्रश्नपत्र निर्माता तथा परीक्षकको योग्यता:</u>** (१) पशु चिकित्सा पाठ्यक्रममा स्नातक तहको परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्ने व्यक्ति तथा त्यस्तो परीक्षामा परीक्षकको रूपमा काम गर्ने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(क) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी उपप्राध्यापक पदमा कम्तीमा तीन वर्षको अनुभव भएको वा

(ख) सम्बन्धित विषयमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रको अध्यापन वा अनुसन्धान कार्यमा संलग्न रहेको वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको योग्यता प्राप्त गरी सरकारी, गैरसरकारी वा निजीक्षेत्रमा कार्यरत रही अनुभव प्राप्त गरेको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पशु चिकित्सा कोर्ष अध्यापन गराउने शिक्षण संस्थाले उक्त शिक्षण संस्थामा अध्यापनरत् कुनै अध्यापक/ उप-प्राध्यापक/ सहप्राध्यापक/ प्राध्यापकलाई आन्तरिक परीक्षकको रूपमा काममा लगाउन सक्नेछ।

३४. **<u>विद्यार्थीको स्थानान्तरण:</u>** (१) कुनै एक शिक्षण संस्थामा अध्ययनरत् विद्यार्थी पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने अर्को कुनै शिक्षण संस्थामा स्थानान्तरण हुन चाहेमा निजले आफू अध्ययनरत् शिक्षण संस्थामा कारण सहितको निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा शिक्षण संस्थाले निवेदक स्थानान्तरण हुन चाहेको शिक्षण संस्थाको स्वीकृत पशु चिकित्सा पाठ्यक्रममा समानता भए नभएको विचार गरी स्थानान्तरणको अनुमति दिन सक्नेछ।

तर देहायको अवस्थामा स्थानान्तरणको अनुमति दिइने छैनः

(क) प्रयोगात्मक विषयको तालिम अवधिभरि र

(ख) एक शैक्षिक वर्षको अवधि भरमा उक्त शिक्षण संस्थाको स्नातक तहमा स्वीकृत विद्यार्थी संख्याको बढीमा पाँच प्रतिशत

(३) यस नियम बमोजिम स्थानान्तरणको अनुमति प्रदान गरिएकोमा सोको सूचना सम्बन्धित शिक्षण संस्थाले सम्बन्धित विश्वविद्यालय र परिषदमा पठाउनु पर्नेछ।

DRAFT

३५. **न्यूनतम आवश्यकताको निर्धारणः** (१) पशु चिकित्सा कोर्ष अध्यापन गराउने शिक्षण संस्थामा हुनुपर्ने आवश्यक पाठ्यक्रम, पाठ्यभार, शैक्षिक पूर्वाधार, उपकरण र जनशक्ति सम्बन्धी न्यूनतम मापदण्ड परिषदले तोके बमोजिम हुनेछ।

तर शिक्षण संस्थाले शैक्षिक क्यालेन्डरमा असर नपर्ने गरी न्यूनतम मापदण्डमा उल्लेख भएको भन्दा थप व्यवस्था गर्न बाधा पर्नेछैन ।

(२) उपनियम (१) बमोजिम परिषदबाट निर्धारण गरिएको न्यूनतम शैक्षिक मापदण्ड पुरा नगरेको शिक्षण संस्थाले प्रदान गरेको उपाधिलाई परिषदले मान्यता प्रदान गर्ने छैन।

३६. **मान्यता दिनेः** (१) ऐनको दफा ९ को खण्ड (च) बमोजिम पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्थालाई परिषदले निर्धारण गरेको न्यूनतम शैक्षिक मापदण्डको आधारमा मान्यता दिइनेछ । (२) यस सम्बन्धी अन्य व्यवस्था परिषदले तोके बमोजिम हुनेछ ।

३७. **निर्देशन दिन सक्नेः** परिषदले पशु चिकित्सा पाठ्यक्रम अध्यापन गराउने शिक्षण संस्थालाई न्यूनतम शैक्षिक मापदण्ड लागू गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ।

३८. **लागू गर्न सक्नेः** परिषदले आवश्यकता अनुसार स्नातक भन्दा माथिल्लो तहको न्यूनतम शैक्षिक मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछ।

## परिच्छेद-६

## अनुसन्धान, तहकिकात र मुद्दा चलाने सम्बन्धी व्यवस्था

३९. **अनुसन्धान तहकिकात अधिकारी तोक्नेः** (१) ऐनको दफा २७ बमोजिमको पशु चिकित्सा व्यवसाय सम्बन्धी कसुरको अनुसन्धान र तहकिकात दर्तावाल पशु चिकित्सक मध्येबाट पशु सेवा विभाग वा सम्बन्धित प्रदेश मन्त्रालयको समन्वयमा परिषद्ले तोकेको बहालवाला सरकारी अधिकारीले गर्नेछ।

DRAFT

(२) उपनियम (१) बमोजिम अनुसन्धान तहकिकात अधिकारी तोक्दा सामान्यतः सम्बन्धित जिल्लाको भेटेरिनरी निरीक्षकलाई सो जिल्लाको अनुसन्धान तहकिकात अधिकारी तोक्न सकिनेछ ।

तर कुनै जिल्लामा भेटेरिनरी निरीक्षक वा योग्यता पुगेको पशु चिकित्सक नभएको अवस्थामा अध्यक्षले देहाय बमोजिम गर्न कुनै बाधा पर्ने छैनः

(क) पायक पर्ने नजिकको जिल्लाको अनुसन्धान तहकिकात अधिकारीलाई सो जिल्लाको समेत काम गर्ने गरी तोक्न, वा

(ख) पायक पर्ने नजिकको जिल्लामा कार्यरत कुनै दर्तावाल पशु चिकित्सकलाई सो जिल्लाको लागि अनुसन्धान तहकिकात अधिकारी तोक्न ।

४०. **<u>कसूरको अनुसन्धान तहकिकातः</u>** (१) ऐनको दफा २७ बमोजिमको कुनै कसूर भएको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकारी हुन आएमा अनुसन्धान तहकिकात अधिकारीले सो सम्बन्धी कसूरको अनुसन्धान र तहकिकात सुरु गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान तहकिकात सुरु गर्ने बित्तिकै सोको जानकारी अनुसन्धान तहकिकात अधिकारीले रजिष्ट्रारलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कसूरको अनुसन्धान तहकिकात गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, कसूरसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु जफत गर्ने, बयान र सोधपुछ गर्ने तथा मुचुल्का तयार गर्ने समेत प्रचलित कानुन बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान तहकिकात अधिकारीलाई प्राप्त हुनेछ । त्यसरी अनुसन्धान तहकिकात गर्दा अनुसन्धान तहकिकात अधिकारीले अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारिखमा राख्न, धरौट वा जमानत लिई छाड्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्नुपर्ने भएमा फौजदारी कार्यविधि नियमावली २०७५ बमोजिम गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम धरौट वा जमानत दिनु पर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई अदालतको अनुमतिले प्रचलित कानुन बमोजिम थुनामा राख्न सकिनेछ ।

(६) उपनियम (१) बमोजिम अनुसन्धान तहकिकात गर्दा आवश्यक ठानेमा अनुसन्धान तहकिकात अधिकारीले कसूरसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा सरकारी वकिल वा विशेषज्ञको राय लीन सक्नेछ ।

४१. **<u>राय सहितको प्रतिवेदन पठाउनु पर्ने</u>:** (१) ऐनको दफा २७ बमोजिमको कसुर सम्बन्धी अनुसन्धान तहकिकात पूरा भएपछि अनुसन्धान तहकिकात अधिकारीले कसूर भएको र अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएमा वा कसूर भएको नदेखिएमा सोही व्यहोरा खुलाई आफ्नो राय सहित अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित रजिष्ट्रार समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राय सहितको मिसिल प्राप्त भएपछि रजिष्ट्रारले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा रजिष्ट्रारले थप सबुद प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्ति सँग सोधपुछ गर्न आवश्यक ठानेमा त्यस्तो थप सबुद प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन अनुसन्धान तहकिकात अधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु निजको कर्तव्य हुनेछ ।

४२. **<u>अभियोगपत्र दायर गर्ने</u>:** (१) नियम ३९ को उपनियम (२) बमोजिम मुद्दा चल्ने देखिएमा देहायका कुराहरू उल्लेख गरी अनुसूची-९ बमोजिमको ढाँचा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा अपराधसँग सम्बन्धित माल वस्तु र थुनुवा भए थुनुवा सहित म्याद भित्र रजिष्ट्रारले आफै वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारीले सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछः

(क) अभियुक्तको पूरा नाम, थर, वतन,
(ख) कसूर सम्बन्धी सूचनाको व्यहोरा,
(ग) कसूर सम्बन्धी विवरण,
(घ) अभियुक्त उपर लगाइएको अभियोग र तत् सम्बन्धी प्रमाण,
(ङ) सम्बन्धित कानुन, र
(च) अभियुक्तलाई हुनु पर्ने सजाय ।

DRAFT

(२) उपनियम (१) बमोजिम अभियोगपत्र दायर गर्दा कसूरको प्रकृति अनुसार नेपाल सरकार वा नेपाल सरकारको अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत, अनुसन्धान तहकिकातको मिसिल तथा अनुसन्धान तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरू समेत साथै पेस गर्नु पर्नेछ र अभियुक्त पक्राउमा परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।

४३. **सुरक्षित राख्ने:** नियम ३८ को उपनियम (२) बमोजिम रजिष्ट्रारले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी प्रमाण वा माल वस्तु सम्बन्धित अनुसन्धान तहकिकात अधिकारी कार्यरत रहेको कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतका दसी प्रमाण वा माल वस्तु सम्बन्धित कार्यालयले पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

४४. **कसूरको सम्बन्धमा सूचना दिने व्यक्तिलाई जानकारी दिनु पर्ने:** ऐनको दफा २७ बमोजिमको कुनै कसूरको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि अनुसन्धान तहकिकात अधिकारीले त्यस्तो कसूरको सम्बन्धमा कसैले सूचना दिएको भए सो व्यक्तिलाई समेत मुद्दा नचल्ने निर्णय भएको व्यहोरा जानकारी गराउनु पर्नेछ ।

४५. **सहयोग गर्नु पर्ने:** ऐनको दफा २७ बमोजिमको कसूरमा अनुसन्धान तहकिकात वा मुद्दा चलाउने सिलसिलामा अनुसन्धान तहकिकात अधिकारी र मुद्दा चलाउने अधिकारीले स्थानीय प्रशासन, प्रहरी तथा अन्य अधिकारी वा निकायको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४६. **मुद्दा चलाउने अधिकारी:** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिमको कसूरमा अनुसन्धान तहकिकात पश्चात् परिषदले कसूर भएको ठानेमा नेपाल पशु चिकित्सा परिषद् वादी भई रजिष्ट्रारले सरकारी वकिलको राय लिई सम्बन्धित उच्च अदालतमा मुद्दा दायर गर्नेछ।

४७. **दण्ड सजाए र क्षतिपूर्ति:** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिमको कसूरमा कसैलाई हानि नोक्सानी पुगेको ठहर भएमा मुद्दा हेर्ने अदालतले ऐन मुताबिकको दण्ड सजाए र त्यस्तो कसूरदारबाट पीडितलाई पुग्न गएको वास्तविक हानि नोक्सानी बापत मनासिब माफिकको क्षतिपूर्ति भराई दिन सक्नेछ।

DRAFT

(२) ऐनको दफा २७ को उपदफा (३) बमोजिमको कसूरमा अनुसन्धान तहकिकात पश्चात् परिषदले कसूरको अवस्था हेरी ऐन मुताविकको दण्ड सजाय गर्न सक्नेछ।

४८. **<u>नेपाल सरकार वादी हुने</u>**: यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

४९. **<u>पुनरावेदनः</u>** यस ऐन वमोजिमको मुद्दामा चित्त नबुझ्ने व्यक्तिले निर्णय भएको मितिले ३५ दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-७
## <u>परिषदको कोष र खाता सञ्चालन</u>

५०. **<u>परिषद्को कोष र खाता सञ्चालनः</u>** (१) रजिष्ट्रारले परिषदलाई प्राप्त भएको रकम राष्ट्र बैङ्कबाट मान्यता प्राप्त परिषदले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) रजिष्ट्रार र परिषदको लेखा प्रमुखको संयुक्त दस्तखतबाट परिषदको खाताको सञ्चालन हुनेछ । रजिष्ट्रारको अनुपस्थितिमा रजिष्ट्रारले गर्ने कार्य अध्यक्षले तोके बमोजिम हुनेछ ।

(३) परिषदको लेखा दोहोरो स्रेस्ता प्रणालीमा राखिनेछ ।

(४) परिषदको आर्थिक कार्यविधि आर्थिक विनियममा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-८
## <u>विविध</u>

५१. **<u>दर्ता शुल्कः</u>** परिषदमा नाम दर्ताको लागि देहाय बमोजिमको शुल्क बुझाउनु पर्नेछः

(क) स्थायी दर्ता रु. २,५००।(दुई हजार पाँच शय रुपैयाँ)

(ख) विशेषज्ञ दर्ता रु. ३,०००।(तीन हजार रुपैयाँ)

(ग) आवधिक दर्ता

(अ) सार्क क्षेत्र भित्रको मुलुकका लागि ८० (असी) यू.एस. डलर प्रति पटक

(आ) सार्क क्षेत्र बाहिरको मुलुकका लागि १५० (एक सय पचास) यू.एस. डलर प्रति पटक

**५२. <u>निर्वाचनमा भाग लिन पाउने:</u>** परिषदमा स्थायी दर्ता भएका पशु चिकित्सकले मात्र परिषदको निर्वाचनमा भाग लीन पाउने छन् ।

**५३. <u>अधिकार प्रत्यायोजन:</u>** (१) परिषदले ऐन बमोजिम आफूमा निहित अधिकार मध्ये केही अधिकार आवश्यक्ता अनुसार परिषदको अध्यक्ष, उपाध्यक्ष, सदस्य, परिषदद्वारा गठित समिति वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) रजिष्ट्रारले अनुसन्धान तहकिकात अधिकारी, दर्तावाल पशु चिकित्सक वा अन्य अधिकारीलाई मुद्दा चलाउने गरी आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) ऐन र ऐन अन्तर्गत बनेका नियम र विनियमहरूको अधीनमा रही परिषदले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्डहरू बनाउन सक्नेछ।

**५४. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने:</u>** (१) परिषदले अनुसूचीहरूमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

**५५. <u>परिषदको उद्देश्य प्राप्तिको लागि अन्य कार्यहरु गर्ने:</u>** ऐनको दफा ९ (ट) को प्रयोजनको लागि परिषदले देहायका कार्यहरू गर्न सक्नेछ:

(क) पशु चिकित्सा व्यवसायलाई गुणस्तरीय, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक मानक सञ्चालन प्रक्रिया (SOP) निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने।

(ख) पशु अस्पताल तथा क्लिनिक, भेटेरिनरी प्रयोगशाला, पशु पुनर्थापन केन्द्र, काञ्जिहाउस, केनल क्लब, पेट होस्टल, एनिमल सेल्टर हाउस आदीको मापदण्ड निर्धारण, अनुगमन र नियमन गर्ने।

(ग) अनुसन्धान कार्यमा पशुको प्रयोग सम्बन्धी नैतिक अनुमोदन (Ethical Clearance) मापदण्ड कार्यान्वयन, अनुमति प्रदान, अनुगमन र नियमन गर्ने।

(घ) पशु चिकित्सकहरूको निरन्तर शिक्षा तथा विशिष्टिकृत सीप विकास तालिम, कार्यशाला गोष्ठी सञ्चालनमा समन्वय गर्ने एवम् पाठ्यक्रम, सहभागिता र प्रमाणपत्रलाई मान्यता प्रदान गर्ने।

(ङ) वैदेशिक अध्ययनका लागि आवश्यक सहमतीको (No Objection Letter) लागि सिफारिस पत्र प्रदान गर्ने।

**५६. वाधा अड्काउ फुकाउनेः** यस नियमावलीको कार्यान्वयन गर्ने सिलसिलामा कुनै वाधा अड्काउ परेमा ऐन र नियमावलीको अधीनमा रहि परिषदले व्याख्या गरे बमोजिम हुनेछ।

**५७. खारेजी र बचाउः** (१) नेपाल पशु चिकित्सा परिषद नियमावली, २०५७ खारेज गरिएको छ।

(२) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशुपालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड नियमावली २०६३ खारेज गरिएको छ।

(३) पशु चिकित्सा व्यवसाय सम्बन्धी कसूरको अनुसन्धान, तहकिकात र मुद्दा चलाउने कार्यविधि २०६२ खारेज गरिएको छ।

(४) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशुपालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड नियमावली २०५८ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

(५) यस अघि उपनियम (१), (२) र (३) बमोजिम भए गरेका काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

"

DRAFT

## अनुसूची- १
## (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>मान्यताको लागि दरखास्त दिने फारामको ढाचा</u>**

मितिः

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं।

महोदय,

मैले मिति .............................. (सन् .......................) मा ............................................... विश्वविद्यालय अन्तर्गत ............................................ कलेजबाट पशु चिकित्सा तथा पशुपालन विज्ञानमा ................................... उपाधि हासिल गरेको छु । यस उपाधिलाई नेपाल पशु चिकित्सा परिषदबाट मान्यता पाउन तपसिलको विवरण संलग्न राखी यो दरखास्त पेस गरेको छु ।

**<u>विवरणः</u>**

(१) प्राप्त उपाधिको सक्कल सहित २ (दुई) प्रति नक्कल प्रमाणपत्र तथा लब्धाङ्कपत्र ।
(२) विदेशी विश्वविद्यालयको हकमा उपाधि अध्ययन सम्बन्धी विस्तृत पाठ्यक्रम
(३) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा नेपाल स्थित सम्बन्धित निकायबाट जारी भएको समकक्षता प्रमाणपत्रको प्रतिलिपि
(४) ............................................

निवेदकको,

सहीः ..........................................
नाम थरः .....................................
ठेगानाः .......................................
फोनरफ्याक्स रईमेलः ........................

## अनुसूचि-२
## (नियम ६ को उपनियम (१) खण्ड (क) सँग सम्बन्धित)

### परिषदमा स्थायी नाम दर्ता गर्ने दरखास्तको नमुना

| |
|---|
| दरखास्तवालाको पासपोर्ट साइजको फोटो |

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं।

महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०८२ को नियम ६ को उपनियम (१) खण्ड (क) बमोजिम नेपाल पशु चिकित्सा परिषदको दर्ता किताबमा स्थायी नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेस गरेको छु ।

(१) पूरा नाम र थरः ...........................................................................................
FULL NAME (IN BLOCK LETTERS) .............................................

(२) जन्म मितिः ..............................................................................................

(३) बाबुको नामः ............................................................................................

(४) बाजेको नामः ............................................................................................

(५) विवाहिता भए पति वा पत्नीको नामः ..........................................................

(६) स्थायी ठेगानाः
अञ्चल ................ जिल्ला ................ गाउँ/नगरपालिका ....................
वडा नं. ........ टोल ................ फोन/फ्याक्स/ईमेल ...................................

(७) अस्थायी वा पत्राचार गर्ने ठेगानाः
अञ्चल ................ जिल्ला ................ गाउँ/नगरपालिका ....................
वडा नं. ........ टोल ................ फोन/फ्याक्स/ईमेल ...................................

(८) कुनै संस्थामा कार्यरत भए
सो संस्थाको नामः ....................................................................................
ठेगाना ..........................................................................................................

(९) हाल दर्ता हुन चाहेको किसिमः स्थायी ....................... श्रेणी .......................



DRAFT

(१०) यसभन्दा अघि कुनै व्यवसायी परिषदमा नाम दर्ता भएको भए

परिषद्को नामः ..........................................................................................

दर्ता नंः ....................................................................................................

मितिः ........................................................................................................

(११) शैक्षिक योग्यता वा उपाधिको विवरण

**(क) सामान्य**

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ख) पेशागत**

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

<u>**निवेदकको**</u>

हस्ताक्षरः ..............................................

पूरा नाम थरः ......................................

मितिः ..................................................

*द्रष्टव्यः दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।*

DRAFT

## अनुसूचि-३
## (नियम ६ को उपनियम (१) खण्ड (ख) सँग सम्बन्धित)

**परिषदमा आवधिक नाम दर्ता गर्ने दरखास्तको नमुना**

| |
|---|
| दरखास्तवालाको पासपोर्ट साइजको फोटो |

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं।

महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०८२ को नियम ६ को उपनियम (१) खण्ड (ख) बमोजिम नेपाल पशु चिकित्सा परिषदको दर्ता किताबमा आवधिक नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेस गरेको छु ।

(१) पूरा नाम र थरः ...............................................................................
FULL NAME (IN BLOCK LETTERS): ................................................
(२) जन्म मितिः ....................................................................................
(३) बाबुको नामः ....................................................................................
(४) बाजेको नामः ....................................................................................
(५) विवाहिता भए पति वा पत्नीको नामः .........................................................
(६) स्थायी ठेगानाः
अञ्चल ................. जिल्ला .................. गाउँ/नगरपालिका ..................
वडा नं. ....... टोल .......................... फोन/फ्याक्स/ईमेल ............................
(७) अस्थायी वा पत्राचार गर्ने ठेगानाः
अञ्चल ................. जिल्ला .................. गाउँ/नगरपालिका ..................
वडा नं. ....... टोल .......................... फोन/फ्याक्स/ईमेल ............................
(८) आबद्ध भै कार्य गर्न लागेको संस्थाको नामः ..................................................
ठेगानाः ................................................................................................
कार्यस्थलः ............................................................................................
(९) राहदानी नम्बर तथा राहदानी जारी गर्ने मुलुकको नामः ..............................

DRAFT

(१०) भिसा लिएको मिति र भिसाको अवधिः ........................................................

(११) यसभन्दा अघि कुनै व्यवसायी परिषदमा नाम दर्ता भएको भए

परिषदको नामः ......................................................................................

मुलुकः ..........................................................................................................

दर्ता नं. ..................................................................................................

मितिः ..........................................................................................................

(१२) शैक्षिक योग्यता वा उपाधिको विवरणः

**(क) सामान्य**

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ख) पेशागत**

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको बिवरण ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**निवेदकको**

हस्ताक्षरः ..........................................

पूरा नाम थरः ....................................

मितिः .............................................

*द्रष्टव्यः दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।*

## अनुसूचि-४
### (नियम ६ को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

**परिषदमा विशेषज्ञ दर्ता गर्ने दरखास्तको नमुना**

श्री रजिष्ट्रार,
नेपाल पशु चिकित्सा परिषद्,
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौं ।

| |
|---|
| दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो |

महोदय,

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १२ को उपदफा (१) तथा नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०८२ को नियम ६ को उपनियम (१) खण्ड (ग) बमोजिम नेपाल पशु चिकित्सा परिषदको विशेषज्ञ दर्ता किताबमा विशेषज्ञको रुपमा नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेश गरेको छु ।

(१) पूरा नाम र थरः ................................................................................
FULL NAME (IN BLOCK LETTERS): ...............................................

(२) दर्ता किताबमा स्थायी दर्ता नंः .................................................................

(३) पत्र व्यवहार गर्ने ठेगानाः ........................................................................

(४) कुनै संस्थामा कार्यरत भए सो संस्थाको नामः ..........................................
ठेगानाः ...................................................................................................

(५) हाल दर्ता हुन चाहेको विशेषज्ञ विषयः .........................................................

(६) यस अघि अन्य विशेषज्ञ विषयमा दर्ता भएको भए
विषयः ......................................................................................................
दर्ता नं. ........................................... मितिः ...........................................

(७) विशेषज्ञ दर्ताको लागि हासिल गरेको योग्यता/दक्षता/उपाधि सम्बन्धी विवरणः

DRAFT

| क्र. सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थानको नाम र ठेगाना | साल | श्रेणी | अध्ययन गरेको विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निवेदकको**

हस्ताक्षरः ..........................................

पूरा नाम थरः ....................................

मितिः ..............................................

---

*द्रष्टव्यः दरखास्तवालाले दरखास्तसाथ पासपोर्ट साइजको तीन (३) प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।*

DRAFT

**अनुसूचि-५**

**(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

**<u>दर्ता किताबको ढाँचा</u>**

दर्ता नं. ....................................

नामः .................................................................................................................

ठेगानाः ..............................................................................................................

बाबुको नामः ......................................................................................................

बाजेको नामः .....................................................................................................

पति/पत्नीको नामः ..............................................................................................

कार्यरत संस्थाः ....................................................................................................

कार्यरत संस्थाको ठेगानाः .....................................................................................

जन्म मितिः ........................................................................................................

शैक्षिक योग्यताः

**(क) सामान्य**

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

**(ख) पेशागत**

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

प्रमाणपत्र वाहकको हस्ताक्षरः ....................................

दर्ता मितिः ....................................

परिषदको निर्णय मितिः ....................................

DRAFT

**<u>बिवरण भर्नेको</u>**

सहीः ......................................................................

नाम थरः ................................................................

पदः .....................................

.....................................

रजिष्ट्रारको हस्ताक्षरः

थप विवरण तथा परिवर्तन आदिः

| मिति | विवरण | विवरण भर्नेको सही | रजिष्ट्रारको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

DRAFT

## अनुसूचि-६
### (नियम १२ को उपनियम (१) खण्ड (क) सँग सम्बन्धित)

| दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो |
|---|

**स्थायी दर्ता प्रमाणपत्रको ढाँचा**

नेपाल पशु चिकित्सा परिषद्
NEPAL VETERINARY COUNCIL
(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

**नेपाल पशु चिकित्सा परिषदमा स्थायी दर्ता भएको प्रमाणपत्र**
**Certificate of Permanent Registration of Nepal Veterinary Council**

प्रमाणपत्र नं. ............................................. मितिः .......................................

Certificate No. ....................................... Date: .......................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषदको दर्ता किताबमा पशु चिकित्सकको रूपमा स्थायी दर्ता गरी तपाइलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

This is to certify that undersigned Veterinary Doctor has been registered in the Permanent Register of Nepal Veterinary Council under the provision of Nepal Veterinary council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of Birth | स्थायी ठेगाना<br>Permanent Address | शैक्षिक योग्यता/ हासिल गरेको साल<br>Academic Qualification/ Year |
|---|---|---|---|
| | | | |

| ................................... | ................... | ................ |
|---|---|---|
| प्रमाणपत्र वाहकको दस्तखत | रजिष्ट्रार | अध्यक्ष |
| Signature of Certificate Holder | Registrar | President |

DRAFT

## अनुसूचि-७
## (नियम १२ को उपनियम (१) खण्ड (ख) सँग सम्बन्धित)

**<u>आवधिक दर्ता प्रमाणपत्रको ढाँचा</u>**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

नेपाल पशु चिकित्सा परिषद्
NEPAL VETERINARY COUNCIL
(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

**नेपाल पशु चिकित्सा परिषदमा आवधिक दर्ता भएको प्रमाणपत्र**
**Certificate of Periodic Registration in Nepal Veterinary Council**

प्रमाणपत्र नं. ............................................ मितिः .......................................

Certificate No. ....................................... Date: .......................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषदको दर्ता किताबमा पशु चिकित्सकको रूपमा आवधिक दर्ता गरी तपाइलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

This is to certify that undersigned Veterinary Doctor has been registered in the Periodic Register of Nepal Veterinary Council under the provision of Nepal Veterinary council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of Birth | ठेगाना<br>Address | काम गर्ने संस्थाको नाम र ठेगाना<br>Name and Address of Working Organization | शैक्षिक योग्यता/ हासिल गरेको साल<br>Academic Qualification/ Year |
|---|---|---|---|---|
| | | | | |

DRAFT

| | | |
|---|---|---|
| ................................... | .................... | ................ |
| प्रमाणपत्र वाहकको दस्तखत | रजिष्ट्रार | अध्यक्ष |
| Signature of Certificate Holder | Registrar | President |

---

द्रष्टव्यः १. यो प्रमाणपत्र जारी गरिएको मितिले छ महिनाको लागि मान्य हुनेछ ।
This certificate is valid for six months from the date of issue
२. उल्लिखित संस्थामा आबद्ध भई कार्य गर्न मात्र मान्य हुनेछ, निजी व्यवसाय गर्न पाइने छैन ।
This certificate holder is allowed to render the professional service only in the organization specified above.

## अनुसूचि-८

**(नियम १२ को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)**

**विशेषज्ञ दर्ता प्रमाणपत्रको ढाँचा**

दर्तावाला पशु चिकित्सकको पासपोर्ट साइजको फोटो

नेपाल पशु चिकित्सा परिषद्
NEPAL VETERINARY COUNCIL
(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम स्थापित)

**नेपाल पशु चिकित्सा परिषदमा विशेषज्ञ दर्ता भएको प्रमाणपत्र**
**Certificate of Specialist Registration in Nepal Veterinary Council**

प्रमाणपत्र नं. ............................................ मितिः ......................................

Certificate No. ...................................... Date: ......................................

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत परिषदको दर्ता किताबमा विशेषज्ञ पशु चिकित्सकको रूपमा दर्ता गरी तपाइलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।
This is to certify that undersigned Veterinary Doctor has been registered in the Specialist Register of Nepal Veterinary Council under the provision of Nepal Veterinary council Act, 1999.

| नाम<br>Name | जन्म मिति<br>Date of Birth | ठेगाना<br>Address | शैक्षिक योग्यता/ हासिल गरेको साल<br>Academic Qualification/ Year | विशेषज्ञ क्षेत्र<br>Field of Specialization |
|---|---|---|---|---|
| | | | | |

.................................. ................... ................

प्रमाणपत्र वाहकको दस्तखत — रजिष्ट्रार — अध्यक्ष

Signature of Certificate Holder — Registrar — President

DRAFT

## अनुसूचि-९

## (नियम ४२ को उपनियम (१) सँग सम्बन्धित )

## अभियोगपत्रको ढाँचा

श्री ..................................................... अदालतमा पशु चिकित्सा परिषद् नियमावली, २०८२ अन्तर्गत दायर गरेको

अभियोगपत्र

२०....... सालको नम्बरः

...............................को जाहेरीले नेपाल पशु चिकित्सा परिषद्............ वादी

विरुद्ध

(१).......................................................

(२)......................................................... प्रतिवादी

मुद्दाः

मुद्दाको व्यहोराः

(१)

(२)

(३)

अभियोगः

सबुद प्रमाणः

देसी प्रमाण तथा कसूरसँग सम्बन्धित माल वस्तुः

गवाहः

देखेः

(क)

(ख)

(घ)



DRAFT

सुन्ने:

(क)

(ख)

पेश भएका कागजातहरु:

(क)

(ख)

(ग)

कार्यालयको छाप

अभियोगपत्र दायर गर्ने अधिकारीको-

दस्तखत;

नाम:

विभाग:

---

द्रष्टव्य:

(१) अभियोगको कुरा लेख्दा नियम ४२ बमोजिम खुलाउनु पर्ने कुरा समेत खुलाई

(२) अनुसन्धान तहकिकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, वतन प्रतिवादी खण्डमा सिलसिला नम्बर मिलाई लेख्नु पर्छ ।

(३) सबुद प्रमाण कागजको हकमा जो भएको माथिको ढाँचामा मिलाई लेख्नु ।

DRAFT